दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक २६६ | बुटवल | २०८२ असोज ०७ गते, मंगलबार | नेपाल संवत ११४५ | Tuesday September 23, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**चाडपर्वप्रति सम्मान गरौं ।**

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं ।
- मौलिक संस्कार र संस्कृति झल्कने गरी चाडपर्व मनाऔं ।
- सभ्य, शिष्ट र मर्यादित रुपमा चाडपर्व मनाऔं ।
- असल आचरण र सामाजिक सद्भाव प्रबर्द्धन गरौं ।
- एक अर्काको चाडपर्वप्रति सम्मान गरौं ।
- अरुलाई नकारात्मक असर पार्ने गतिविधि नगरौं ।
- धर्म संस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार विज्ञापन बोर्ड

# नवनियुक्त चार मन्त्रीका के छन् प्रतिबद्धता ?



**लुम्बिनी संवाददाता**
*बुटवल*

नवनियुक्त चारजना मन्त्रीले पद तथा गोपनीयताको शपथ लिएका छन् । राष्ट्रपति भवन शीतल निवासमा आयोजित कार्यक्रममा उनीहरुलाई राष्ट्रपति रामचन्द्र पौडेलले शपथ खुवाएका हुन् ।

शपथ खानेहरूमा सर्वोच्च अदालतका पूर्वन्यायाधीश अनिलकुमार सिन्हा, वैज्ञानिक महावीर पुन, राज्य पुनर्संरचना आयोगका पूर्वसंयोजक मदन परियार र पत्रकार जगदीश खरेल रहेका छन् ।

सिन्हाले उद्योग, वाणिज्य तथा आपुर्ति, कानुन, न्याय तथा संसदीय मामिला र भूमि व्यवस्था तथा गरिबी निवारण, पुनले शिक्षा, विज्ञान तथा प्रविधि, परियारले कृषि तथा सहकारी र खरेलले सञ्चार, सूचना तथा प्रविधि मन्त्रीको रुपमा शपथ लिएका हुन् ।

यसअघि नै अर्थमन्त्रीमा रामेश्वर खनाल, ऊर्जामन्त्रीमा कुलमान घिसिङ र गृहमन्त्रीमा ओमप्रकाश अर्याल नियुक्त भइसकेका छन् ।

योसंगै पूर्व प्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वको सरकारको मन्त्रिपरिषद् ८ सदस्यीय भएको छ । प्रधानमन्त्री कार्कीले बढीमा ११ सदस्यीय मन्त्रिपरिषद् बनाउने बताएकी थिइन् । यस हिसाबले अझै तीन जना मन्त्री नियुक्त हुने छन् । आइतबार स्वास्थ्य मन्त्रीमा सिफारिश भएकी डा. मिश्रा भने अख्तियारमा मुद्दा परेकाले मन्त्री नियुक्त हुन सकिनन् ।

**विज्ञहरूसँग सुझाव लिएर काम गर्छु : मन्त्री पुन**

नवनियुक्त शिक्षा, विज्ञान तथा प्रविधमन्त्री महावीर पुनले पुनले विज्ञहरूसँग सुझाव लिएर अघि बढ्ने बताएका छन् । पुनले अपर्झट मन्त्री भएकाले अहिले नै धेरै नबोल्ने बताए ।

मन्त्रीको जिम्मेवारीमा रहँदा प्राप्त हुने राम्रा सुझाव ग्रहण गरेर सकेसम्म छिटो कार्यान्वयनमा लैजाने उनको भनाइ छ ।

मन्त्रालयको जिम्मेवारी अनुसार विज्ञान, प्रविधि, नवप्रवर्तन नै आफ्नो प्राथमिकता पर्ने उनले बताए । आफूले जिम्मेवारी पाएको मन्त्रालय शिक्षा क्षेत्रसँग पनि जोडिएको तर, शिक्षामा सुधार र परिवर्तनबारे अहिले नै नबोल्ने बताए । आफू मन्त्री बन्न नचाहेको तर, परिस्थितिले बनाएको उनले बताए । मन्त्रालयमै बस्ने भएका छन् ।

पदभार ग्रहण गरेपछि सञ्चारकर्मीसँग मन्त्री पुनले आफू मन्त्री क्वार्टरमा नबस्ने बताए । मन्त्रालयमै कोठा मिलाउन उनले निर्देशन दिए ।

'मन्त्री क्वार्टर चाहिँदैन । यहीँ कोठा बनाउनू । सुत्ने खाट र टेबल भए पुग्छ । आफैं पकाएर खान्छु ।'- मन्त्री पुनले भने । सुरक्षाकर्मीलाई पनि मन्त्रालयमै बस्न आग्रह गरे । सरकारी कामबाहेक अन्य ठाउँमा जाँदा सरकारी गाडीको प्रयोग नगर्ने उनले घोषणा गरे ।

६ महिनाका लागि मन्त्री भएको बताउँदै उनले आफूले सकेको काम गर्ने प्रतिबद्धता जनाए ।

**शहीद परिवार र घाइतेलाई रोजगारी : मन्त्री सिन्हा**

नवनियुक्त उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हालेपदभार ग्रहण गर्दै मन्त्री सिन्हाले शहीद परिवारका सदस्य र आन्दोलनका क्रममा घाइते भएका व्यक्तिहरूका लागि रोजगारीको व्यवस्था गर्ने पहिलो निर्णयमा हस्ताक्षर गरेका छन् ।

यसका साथै सरकारी निकायहरूमा प्रयोग गरिने फर्निचर तथा अन्य निर्माण सामग्रीहरूमा स्वदेशी उत्पादनलाई प्राथमिकता दिने निर्णय पनि उनले गरेका छन् । मन्त्री सिन्हालाई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको जिम्मेवारी दिइएको छ ।

**शासकीय सुधार र बेथिति रोक्ने प्राथमिकता : मन्त्री परियार**

नवनियुक्त कृषि तथा पशुपन्छी विकासमन्त्री डा.मदनप्रसाद परियारले

पदभार ग्रहण गर्दै नेपाल र कोरियाबिच आलु र धान बालीमा अनुसन्धान गर्न यसअघि भएको सम्झौतालाई कार्यान्वयन गर्न समन्वय समिति गठन गर्ने प्रस्ताव सदर गरेका छन् ।

मन्त्रालयका सचिवको नेतृत्वमा गठन हुने समितिले यसमा समन्वयको काम गर्ने जनाइएको छ ।

पदभार ग्रहणपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै मन्त्री परियारले निर्वाचनलाई प्राथमिकतामा राखेर कृषि क्षेत्रमा केही फरक काम गर्ने प्रतिबद्धता जनाए । शासकीय सुधार र बेथिति रोक्ने काममा सरकार लागिपर्ने उनको भनाइ थियो ।

मन्त्री डा. परियारले वर्तमान सरकारलाई प्राप्त शासकीय सुधार, बेथितिको अन्त्य एवं निर्वाचन गराउन प्राप्त 'म्यान्डेट' पूरा गर्न आफ्नो तर्फबाट सम्पूर्ण योगदान रहने प्रतिबद्धता व्यक्त गरे ।

**प्रमुख १० शहरका सार्वजनिक स्थलमा निःशुल्क इन्टरनेट : मन्त्री खरेल**

सञ्चार, सूचना तथा प्रविधिमन्त्री जगदिश खरेलले आफ्नो कार्यकालमा खरानी र धुलो टकटक्याउँदै जनतालाई अनुभूत हुनेगरी काम गर्ने प्रतिबद्धता जनाएका छन् ।

» *बाँकी ३ पेजमा*

## 'कर्मचारीले घुस मागे अर्थमन्त्रीलाई इमेल'

बुटवल । अर्थ मन्त्रालयअन्तर्गतका नियामक निकायमा कार्यरत कर्मचारीले घुस मागे अब सिधै अर्थमन्त्रीलाई गुनासो गर्न सकिने भएको छ ।

अर्थमन्त्री रामेश्वर खनालको इमेल रामेश्वर एट एमओएफ डटजीओभी डटएनपी वा गुनासो एट एमओएफ डटजीओभी डटएनपीमा इमेल गरेर गुनासो टिपाउन सकिने अर्थ मन्त्रालयले जनाएको छ ।

कर्मचारीले काम नगरेको, गर्नुपर्ने काम नगरेको वा अनुचित कामका लागि दबाब दिएमा समेत यस्तो गुनासो गर्न सकिने भएको छ । घुस वा रिसवत माग गर्दै काममा अनावश्यक ढिलासुस्ती वा सेवा प्रवाहमा कठिनाइ भए सिधैं अर्थमन्त्रीको इमेलमा पठाउन सकिने समेत अर्थले जनाएको छ ।

## भन्सारमा ५० प्रतिशतसम्म छुट दिने घोषणा

बुटवल । सरकारले जेनजी आन्दोलनका क्रममा क्षति भएका उद्योग तथा व्यवसाय पुनर्निर्माणका लागि आयात गरिने सामग्रीमा ५० प्रतिशत छुट दिने घोषणा गरेको छ । मन्त्रिपरिषद् बैठकको निर्णय सुनाउँदै अर्थमन्त्री रामेश्वर खनालले भने-'जेन जी आन्दोलनका क्रममा सिर्जना भएको असामान्य परिस्थितिबाट प्रभावित उद्योग, व्यापारिक प्रतिष्ठान, व्यावसायिक प्रतिष्ठान र आर्थिक गतिविधिलाई तत्काल सुचारु गर्नका लागि सरकारले, नेपाल राष्ट्र बैंक, बिमा प्राधिकरणले विभिन्न किसिमका राहतका सुविधाहरू सुरु गर्नेछन् ।

जसमध्ये ध्वस्त भएका सम्पत्तिको पुनर्निर्माणका लागि आवश्यक पर्ने वस्तुहरू आयात गर्दा लाग्ने भन्सारमा ५० प्रतिशतसम्म छुट दिने व्यवस्था गरिएको छ । बिमाबाट अग्रिमरुपमा क्षतिको ५० प्रतिशतसम्म अग्रिम दाबी गर्ने व्यवस्था गरिएको छ । प्रभावित उद्योग तथा व्यवसायीले तिर्नुपर्ने ऋणको म्याद सार्ने व्यवस्थामा गरिएको छ ।'

कर्मचारी तथा मजदुरको जागिर नजाओस् भनेर त्यसका लागि कर्जा लिएर भुक्तानी गर्न सक्नेहरूलाई सहुलियतपूर्ण कर्जा र भुक्तानी गर्न नसक्नेहरूलाई राष्ट्रियस्तरमा खडा हुने पुनर्निर्माण कोषबाट भुक्तानी गर्न सकिने प्रबन्ध गरिने अर्थमन्त्रीले जानकारी दिए ।

## छात्रवृत्ति नदिने विद्यालयको अनुमति रद्द गर्ने चेतावनी

बुटवल । काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन)ले विद्यार्थीलाई छात्रवृत्ति प्रदान नगर्ने विद्यालयको सञ्चालन अनुमति नै रद्द गर्ने चेतावनी दिएका छन् । शाहले सामाजिक सञ्जाल फेसबुकमार्फत् ०८२ को शैक्षिक सत्रमा हालसम्म विवरण बुझाउने विद्यालयको संख्या ४४० पुगेको र केहीले अझै नबुझाएको भन्दै उनले यस्तो चेतावनी दिएका हुन् ।

उनले विवरण नबुझाएकाहरूलाई बुझाउन पनि भनेका छन् । शाहले विवरण पेस नगर्ने विद्यालयलाई बन्द विद्यालयको रुपमा बुझी महानगरको शिक्षा ऐन बमोजिम प्रदान गरिएको अनुमति रद्द गर्ने चेतावनी दिएका छन् ।

'यस शैक्षिक सत्र २०८२ मा हालसम्म विवरण बुझाउने विद्यालयको संख्या ४४० पुगेको छ केही विद्यालयले हालसम्म विवरण बुझाएका छैनन्, उहाँहरूलाई यथाशीघ्र विवरण बुझाउन अनुरोध गर्छौं, विवरण पेस नगर्ने विद्यालयहरू बन्द विद्यालयको रुपमा बुझी काठमाडौँ महानगरपालिका शिक्षा ऐन, २०७५ बमोजिम विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने गरी कारबाही गरिनेछ ।'- उनले भनेका छन् ।

उनले यो वर्ष २० हजारभन्दा धेरै विद्यार्थीले छात्रवृत्ति पाएको पनि बताएका छन् ।

## जेनजीका माग सम्बोधन गर्न संविधान संशोधन : यादव

बुटवल । जनता समाजवादी पार्टी नेपालले संविधानलाई संशोधन, परिमार्जन तथा पुनर्लेखन नगरी जेनजीका माग सम्बोधन गर्न नसकिने बताएको छ ।

असोज ५ गते बसेको केन्द्रीय कार्यकारिणी समितिको निर्णय सोमबार सार्वजनिक गर्दै केवल झूटा आश्वासनको भरमा मात्र जेन जीले उठाएका माग र मुद्दाहरूलाई सम्बोधन गर्न नसकिने बताएको हो ।

त्यसको लागि प्रतिनिधिसभा संसदलाई कायमै राखिनु पर्ने जसपाको मान्यता छ । प्रतिनिधिसभाको विघटन पनि संविधान अनुकूल गरेको नदेखिएको जसपाले बताएको छ ।

'मुलुकको वर्तमान संविधानलाई संशोधन, परिमार्जन तथा पुनर्लेखन नगरी क्रान्तिकारी परिवर्तन र रुपान्तरण नै नगरी केवल झूटा आश्वासनको भरमा मात्र जेन जीले उठाएका माग र मुद्दाहरूलाई सम्बोधन गर्न सक्ने अवस्था नै छैन । शासकीय स्वरूप, निर्वाचन प्रणाली, न्याय प्रणाली, संवैधानिक अंगहरू, प्रादेशिक संरचना, पहिचान, समावेशिता र सामाजिक न्यायसँग सम्बन्धित मुद्दाहरूलाई सम्बोधन गर्न संविधान संशोधन वा पुनर्लेखन नगरी हुन्न । त्यसको लागि प्रतिनिधि सभा संसदलाई कायमै राखिनु पर्दथ्यो । प्रतिनिधि सभाको विघटन पनि संविधान अनुकूल गरिएको देखिँदैन । यथास्थितिमा गरिने निर्वाचनले परिवर्तनकारी शक्तिहरूले उठाउँदै आएका मुद्दाहरु पूर्णरूपले हल हुन सक्दैन तर पनि नयाँ प्रतिनिधि सभाले स्थान ओगट्नेछ । मुलुक पुनः यथास्थितिमा फर्किनेछ । प्रतिगमनकारी शक्तिहरु परास्त हुने छन् ।'- जसपाले भनेको छ ।

भदौ २३ गतेअगावै सरकारले जेन-जीहरूको न्यायोचित माग र मुद्दाहरूलाई सम्बोधन गरी तत्काल समस्या समाधान गर्नुपर्ने पनि जसपाले बताएको छ । तर सरकारले सत्ता र शक्तिको दम्भमा दमनकारी नीति लिई राज्य आतंक फैलाई विद्रोहमा लागेकाहरूमाथि दमन गर्ने कार्य गरेको जसपाको ठहर छ ।

'दर्जनौं युवाहरूको हत्या र हजारौं युवाहरूलाई घाइते बनायो। जसले गर्दा परिस्थिति झन् बिग्रन गई भदौ २४ गते सम्ममा ठूलो संख्यामा मुलुकले धन-जनको क्षति बेहोर्नु पर्‍यो ।'- जसपाले भनेको छ ।

सरकार, सेना, प्रहरी र प्रशासनले चाहेको भए मुलुकलाई ठूलो जन-धनको क्षति हुनबाट जोगाउन सक्ने जसपाको बुझाइ छ ।

'तर जोगाउने प्रयास सम्म किन गरिएन ? रहस्यमय रहेको छ । नेपालीलाई रोजगारी प्रदान गर्दै आएका केही मुलुकहरूले वर्किङ भिसा, टुरिष्ट भिसा, भिजिट भिसा रद्द गरेका छन् । यसको जिम्मेवार केपी शर्मा ओली नेतृत्वको सरकार नै हो । मुलुकलाई नै क्षति पुर्‍याउने दोषीहरूको छानबिन गरी कानुन बमोजिम कारबाही गरी पीडिततलाई क्षतिपूर्ति सरकारले दिने व्यवस्था गर्नु पर्छ ।'- जसपाले भनेको छ ।

## पुनर्निर्माणमा स्वदेशी काठलाई प्राथमिकता दिन महासंघको माग



बुटवल । सामुदायिक वन उपभोक्ता महासंघ नेपालले 'जेनजी' प्रदर्शनका क्रममा क्षति भएका भौतिक संरचनाको पुनःनिर्माणमा स्वदेशी काठलाई प्राथमिकता दिन सरकारसँग आग्रह गरेको छ ।

यही असोज ४ र ५ गते भएको बैठकका निर्णय सोमबार सार्वजनिक गर्दै महासङ्घले पुनर्निर्माणमा आवश्यक पर्ने गुणस्तरीय काठ सामुदायिक वनका माध्यमबाट उत्पादन र आपूर्ति गर्न विद्यमान कानुनी झमेला हटाउन माग गरेको हो ।

महासंघका अध्यक्ष ठाकुर भण्डारीले सो कार्यका लागि महासंघसँग समेत परामर्श गरी तत्काल वन नियमावली २०७९ संशोधन गर्न सरकारसँग अपिल गरे ।

महासंघले सामुदायिक वन उपभोक्ता समूहमा समावेशीकरणसहितको युवा नेतृत्व सुनिश्चितताका लागि हरसम्भव उपायहरू अवलम्बन गर्न वन उपभोक्ता समूहलाई आह्वान गरेको छ ।

उनले गत जेठ ९ गते सार्वजनिक आर्थिक सुधार कार्यान्वयन योजनामा सामुदायिक वनको रकम तीनै तहका सरकारबीच बाँडफाँड गर्ने भनी राखिएको बुँदा तत्काल खारेज गर्न माग गरे ।

अध्यक्ष भण्डारीले भने-'नेपालको संविधान र सङ्घीय कानुन विपरीत हुनेगरी प्रदेश सरकारहरुले सामुदायिक वन उपभोक्ता समूहमा लगाउँदै आएको कर तत्काल हटाउन माग गर्दछौं ।'

महासङ्घले वनलगायतका प्राकृतिक स्रोतमा स्थानीय समुदायको अधिकार खोस्ने खालका कार्यहरु तत्काल बन्द गर्न आह्वान गरेको छ ।

त्यसैगरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तत्काल संशोधन गरी समुदाय मैत्री ऐन बनाउन र मध्यवर्ती सामुदायिक वनहरुलाई सामुदायिक वनमा रुपान्तरण गर्न महासङ्घले आह्वान गरेको छ ।

उनले जलवायु परिवर्तनसम्बन्धी नीति तथा कानुनहरुमा जलवायु वित्तका रुपमा प्राप्त रकमको कम्तीमा ८० प्रतिशत रकम स्थानीय समुदायमा प्रवाह गरिने व्यवस्था कार्यान्वयन सुनिश्चित गर्न माग गरे ।

**हार्दिक शुभकामना**

नेपालीहरुको महान चाड
विजया दशमी, शुभदीपावली तथा छठ पर्व-२०८२ को पावन अवसरमा सम्पूर्ण ग्राहकवर्ग एवम् शुभचिन्तक तथा देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रो. लोकेन्द्र एण्ड सन्स

**श्री गणेशाय नमः ज्वेलर्स**
बुटवल-४, अमरपथ, हाटबजार लाईन, मो: ९८४५०९०९४९, ९८४५३९७०२२
स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन-चाँदीबाट बनेका गर-गहनाहरुका एकमात्र विश्वासिलो पसल ।
पुराना गहना खरिद बिक्री तथा सट्टी पट्टी गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## सम्पादकीय

# कैदी बन्दीलाई कारागार फर्काऊ

जेनजी आन्दोलनका क्रममा देशभरका कारागार र सुधार गृहबाट १४ हजार ५ सय ५५  कैदी बन्दी फरार भएकोमा अझै ८ हजार कैदी बन्दी फरार छन् । विभिन्न अपराधको संलग्नता पुष्टि भई  अदालतको आदेश अनुसार सजाय काटिरहेका, अदालतमा मुद्दा चल्दै गरेका र पुपर्क्षका लागि थुनामा रहेका बन्दीहरु एकैपल्ट बाहिर निस्कदा समाज त्रसित बनेको छ । विभिन्न अपराधमा संलग्नहरु खुलेयाम हिंड्दा समाजमा भय श्रृजना भएको छ । फरार भएकामध्ये कतिपय यस्ता व्यक्ति छन्, ती अन्तर्राष्ट्रिय अपराधिक सञ्जालसँग जोडिएका र गम्भीर अपराधमा संलग्न छन् ।

अपराधको सजाय भुक्तान नगरी समाजमा निस्कदा हुने जोखिम सतहमा देखिन छन् । नख्खु कारागारबाट भागेका सन्तलाल तामाङले काभ्रेको पनौतीमा श्रीमतीको हत्या गरे । बलात्कार मुद्दामा जेल परेका सन्तलाल श्रीमती मनिषा तामाङको हत्या गरी पुनः कारागार फर्केका छन् । बलात्कारका दोषी अर्का एक कैदीले जेलबाट भागेकै राति बलात्कारको प्रयास गरेको समाचार पनि आएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एंव पूर्व गृहमन्त्री रवि लामिछाने नख्खु कारागारबाट भदौ २४ गते दिउँसो  बाहिर निस्केपछि कारागारबाट अरु कैदी बन्दी निस्कन थालेका हुन् । कैदी बन्दी निस्कन नख्खु कारागारबाट सुरु भएपछि अन्यत्रबाट पनि निस्के । नेपाली सेनाले  २४ गते राति १० बजेबाट सुरक्षाको जिम्मा लिएको सार्वजनिक गरेपछि पनि कैदी बन्दी निस्कन रोकिएनन् । कपिलवस्तुको तौलिहवा कारागारबाट भदौ २५ गते बिहान कैदी बन्दी निस्किए । उनीहरुले कारागारबाट निस्केपछि जिल्ला अदालत तोडफोड र आगजनी गरे । उनीहरुलाई नियन्त्रणमा लिन र आगजनी रोक्न सुरक्षा निकायले कुनै पहलकदमी लिएन् । यद्यपी काठमाडौं र नुवाकोटलगायतमा भाग्दै गरेका कैदी बन्दीलाई नियन्त्रणमा लिन खोज्दा अटेर गर्ने १० जना कैदी बन्दीको ज्यान गयो । पूर्व गृहमन्त्रीले आफूलाई निर्दोष दाबी गर्दै आएका छन्, त्यही दाबीका आधारमा उनी कारागार बाहिर आए । उनको पार्टीको नेतृत्व टिमले नै कारागार पुगेर बाहिर निकाल्यो । यो विषयमा रास्वपा नेतृत्वले आत्म समीक्षा गर्नुपर्छ ।

कारागारबाट भागेका कैदी बन्दीलाई नियन्त्रणमा लिन गृहप्रशासनको प्राथमिकता हुनुपर्छ । मुलुकमा शान्ति सुरक्षाको प्रत्याभूति पहिलो प्राथमिकता हो, नागरिकलाई सुरक्षाको प्रत्याभूति दिनफरा कैदी बन्दीलाई नियन्त्रणमा लिनुपर्छ । उनीहरु नियन्त्रणमा आउन नसक्दा समाजमा अपराधको नयाँ श्रृखंला सुरु हुनेछ, यसले समाजमा भय श्रृजना गर्नेछ । जब समाजमा भय र आतंक हुन्छ, समाजमा आक्रोश र असन्तुष्टि झनै मौलाउँछ । त्यसैले गृहप्रशासनको पहिलो प्राथमिकता फरार कैदी बन्दीलाई कारागारमा फर्काउन हुनुपर्छ ।

# जन्म बुद्धको कि बुद्धत्वको



कमल सिलवाल

*भगवान बुद्धको दृष्टिमा करुणा र प्रेम भन्ने कुरा कुल, जात, काल वा वर्ग सापेक्ष हुँदैन । प्रेम र करुणा प्रकट गर्न कारण वा अवसर हुनु पर्दैन । अर्थात् अकारण प्रेम र करुणा निरन्तर वर्षाउन सक्ने क्षमता भएका कारण नै भगवान बुद्ध करुणा र प्रेमका सर्वकालिक गुरु बने । आजको दैनिकीमा बुद्धको तिनै करुणा र प्रेमको अंश मात्र पनि हाम्रो जीवनमा उतार्न सक्यौं भने स्वयम्, परिवार, समाज र विश्व परिवेशलाई जीवन्त र रहन योग्य बनाउन सक्छौं । अनि मात्र बुद्धको भौतिक जन्म सार्थक हुन्छ । आफूमा भएको बुद्धबीजलाई चिनौं । एकछिनको खहरे होइन, दीर्घजीवी प्रशान्त बनौं ।*

भगवान बुद्ध भौतिक रुपमा कहाँ जन्मनु भयो भन्ने भौगोलिक र ऐतिहासिक तथ्य हामी सबैलाई थाहा नै छ । जन्म आफैँमा महान घटनाक्रम हुँदै हो । एकैछिनको लागि भौतिक जन्मको सिमाभन्दा बाहिर रहेर हेर्ने हो भने भगवान बुद्धले हामी मानिसलाई के सिकाउन खोज्नु भएको रहेछ, आजको जटिलताले भरिएको संसारमा ती सिकाइहरुलाई कसरी आत्मसात् गर्न सकिने रहेछ र बुद्धका शिक्षाहरुबाट व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वलाई नै कसरी सभ्य, सुसंस्कृत र उन्नत बनाउन सकिने रहेछ भन्ने कुराको गहन चिन्तन र मनन् चाँही कति गर्यौं हाला ? कतै हामी भौतिक जन्म र राजनैतिक सीमाका लडाइँमा अल्मलिइरहेकात छैनौं ? त्यही सीमामा अल्मलिएर आफ्नै कस्तुरी खोज्ने मृग जस्तै रनभुल्लमा त परिरहेका छैनौं ? भगवान बुद्धका शिक्षालाई जीवनमा उतार्ने कति प्रयास भए होलान् अथवा गर्यौं होला ? 'Buddha was born in Nepal' भन्ने नारा जोसले लगाइरहँदा हामीले कतिपटक सोच्यौं 'बुद्धमार्गमा मेरा पाइला कहाँ छन्' भनेर । बुद्ध नेपाली भूमिमा जन्मनु जति गौरबको कुरा हो त्यत्तकै गौरब विदेशी भूमिमा बुद्धको उच्च गरिमा देख्दा हुन्छ कि हुँदैन होला ?

भौतिक रुपले भन्ने हो भने भगवान बुद्ध जन्मका हिसाबले हाम्रा छिमेकी, तर कोशौं परको विद्वानले हामीलाई बुद्धशिक्षा पढाउँदा मेरो 'Buddha was born in Nepal' को नाराको हविगत कस्तो होला ?हाम्रो मनस्थिति, हाम्रो व्यवहार र हाम्रा दैनिकीहरुमा बुद्धत्व झल्किन सकेका दिन मात्र बुद्धको भौतिक जन्मको सार्थकता हुन्छ होला नि होइन र ? भगवान बुद्ध केवल भौतिक वा ऐतिहासिक पात्र मात्र त होइनन नि, बुद्ध त एउटा जागृत चेतना, उच्चतम जीवनदर्शन र सुसंस्कृत जीवनपद्दतिको पर्याय हुन् नि, होइन र ? बुद्धत्व त भुगोल, जाति, वर्ग र समयसीमाभन्दा परको कुरा हो नि, होइन र ? त्यसैले यस आलेखमा भगवान बुद्धको भौतिक जन्म कहाँ भयो भन्दा पनि उहाँले के सिकाउनु भयो र त्योअनुसार कसरी बाँच्न सकिन्छ भन्ने कुराको चर्चा गरिनेछ ।

परिस्थितिलाई नियन्त्रण गर्छु भन्ने सोंचले गर्दा आज हामी अशान्त र अनिश्चतताको भुमरीमा रुमल्लिएका छौं । अतिआस्तिकता र अतिनास्तिकताको बिचमा जीवन यसरी अल्झिएको छ मानौं जीवन, जीवन नभएर बल्छिमा उनिएको माछो हो । न मान्छे भौतिक सम्पन्नताको चरममा खुसी महशुस गर्न सकेको छ न अलौकिकताको रसमा डुबेर आनन्दित हुन सकेको छ । यस्तो अवस्थामा जीवनलाई जीवनमय बनाउनको लागि अचुक औषधी भनेकै भगवान बुद्धको मध्यमा प्रतिपदा अर्थात् मध्यम मार्ग नै हो । भगवान बुद्धले देशनाका क्रममा कलाम जातिलाई भन्नु भयो-'कुनै पिटकमा लेखिएको छ भनेका आधारमा अथवा मैले भने भनेका भरमा वा कसैले उपदेश दिएको भरमा होइन, हरेक कुराहरु आफुमा जाँचेर हेर्नु, ठिक भएमा मात्र अनुशरण गर्नू' । अर्थात् बुद्ध शिक्षा व्यवहारको कसिमा खरो र सर्वकालिक छन् । सहजै जीवनमा लागु गर्न योग्य छन् । तर ती शिक्षाहरुको जीवनमा प्रयोग पक्षलाई छोडेर हामी भौतिक जन्मका विषयमा मात्र किन यतिसारो अल्झिएको होला । भगवान बुद्ध अमृत पिएर अमरत्व प्राप्त गरेर हामी बिच रहनु भएको होइन नि ।वहाँ त कालजयी शिक्षा र व्यवहार परक उपदेशका कारण अजेय हुनुभएको हो नि, होइन र ।

मानिसलाई जीवन चिनाउनका लागि चार आर्यसत्यको उद्घाटन गर्दै दुःख र यसको समुदय अनि निवारणसम्मको मार्ग प्रसस्त गर्ने भगवान बुद्धको शिक्षा केवल नास्तिकतावादी दर्शन होइन, यो त उपचारात्मक मार्ग हो जसले दुःखलाई चिनाउँछ, कारण सिकाउँछ अनि त्यसबाट मुक्तिको सर्वोत्तम मार्ग पनि प्रसस्त गर्दछ । दुःखको विश्लेषण र वर्गीकरण गर्दै दुःख अन्त्यको उपायहरु सहित दुःख निवारणका मार्गहरु पनि छर्लङ्ग बनाउने भगवान बुद्धको ज्ञानलाई आत्मसात् गर्नु भनेको आसक्तिको नष्ट गर्ने क्षमता विकास गर्नु हो । बुद्ध शिक्षाको मूल भनेको नै आसक्तिको नाश हो । जब आसक्ति नष्ट हुन्छ तब 'म','मेरो' जस्ता सबै कुरा हराएर जान्छन् । न भुगोल रहन्छ, न भौतिक सीमा रहन्छ । अनि शरीरको जन्मस्थानको उद्घोष मात्र होइन ज्ञानको आलोकको व्यापीकरण हुन्छ । र यो सम्भव छ । किनभने भगवान बुद्ध स्वयमंले भन्नु भएको छ-'सबै मानवमा बुद्धबीज छ' । आवश्यकता छ त केवल त्यो बुद्धबीज मानवले आलौलिक इश्वरीय आदेश वा उपदेश होइन बरु व्यवहारिक जीवनशैली र नैतिक मार्गको अनुशरण गर्नु मात्र ।यी दुबै कुराको लागि भगवान बुद्धले नै उत्कृष्ट मार्ग पनि प्रस्तुत गर्नु भएको छ जसलाई आर्य अष्टाङ्गिकक मार्ग भनेर चिनिन्छ ।

आर्य अष्टाङ्गिकक मार्ग केवल धार्मिक उपदेश या प्रवचनका क्रममा फुत्त निस्किएका आदेश होइनन् । यी त जीवनका सबै क्लेश र कष्टहरुबाट स्थायी छुटकाराका मार्गहरु हुन् । ज्ञान (प्रज्ञा), नैतिकता (शील) र मानसिक अनुशासन (समाधि) गरी तीन खण्डमा बर्गीकृत आठवटा मार्गहरुले जीवनलाई सहज, सर्वप्रिय र आनन्दमय बनाउनका लागि मार्गदर्शन प्रदान गर्दछन् । वास्तविकता प्रतिको सही दृष्टिकोणका साथ क्लेशमुक्त सही निर्णय लिन सक्नु ज्ञानवान मानिसको पहिचान हो । झुट र छलबाट अलग रही सत्य र प्रिय वचन प्रयोग गर्दै अनैतिक क्रियाकलापबाट टाढा रहनु अनि इमान्दारिता र अहिंसा युक्त आजिविका रोज्नु, खुसी जीवनका लागि आवश्यक सर्तहरु हुन् । दैनिक जीवनमा व्यक्तिगत स्वार्थ र लाभबाट प्रेरित व्यक्ति तृष्णाको खाल्डोमा यसरी फस्छ कि उसका अगाडी निर्वाण फगत उपदेश जस्तो मात्र बन्छ ।तर बचन, कर्म र व्यवसायमा सहि, इमान्दार र नैतिकवानहरु नै वास्तविक बुद्धबीजहरु हुन् । मनमा उठ्ने नकारात्मकतालाई रोकेर सकारात्मक उर्जा सहित निरन्तर प्रयासरत मान्छे सजगता र सचेतनाको बाटो हुँदै अनन्त प्रज्ञा प्राप्त गर्न सक्षम हुन्छ । त्यही नै दिगो खुसी हो । त्यही नै निर्वाण हो । अष्टाङ्गिक मार्गहरु खुड्किलाहरु हुन् जसले सुखद जीवनको गन्तव्य निश्चत गर्छन् ।

परिवर्तनशीलताको नियम मात्र स्थायी छ, बाँकी सबै अनित्य छन् । संसारमा जे छ र जसरी छ त्यसको उत्पत्ति हुनुको कारण नै त्यो एकदिन नाश हुन्छ भन्ने प्रमाण हो । वस्तु, अवस्था वा परिवेश केही पनि स्थायी छैनन् । यो निरन्तर परिवर्तनशीलताको नियम बुझ्न नसक्दा नै हो हामी तृष्णाको जालमा परिरहने । इच्छा र आवश्यकता बिचको अन्तर छुट्याउन नसकी आज हामी पलपल दुःखको भुमरीमा फँसिरहेका छौं । बुद्धको मार्ग दुःखमुक्तिको मार्ग हो । बुद्ध शिक्षा सम्पूर्ण जीवनकला हो । अन्धविश्वास, पाखण्ड र भ्रम चिर्दै स्वयमको माध्यमबाट ज्ञानको अनुभव गर्ने वैज्ञानिक दृष्टिकोण हो । भगवान बुद्धको जन्मस्थानको महिमामण्डित मात्र गर्नुभन्दा बुद्धमार्गमा पाइला चाल्नु बुद्धत्व प्रतिको वास्तविक सम्मान हो ।

भगवान बुद्ध केवल मान्छेको स्वयम्को आत्मसुधारका लागि मात्र होइन, सम्पूर्ण प्राणी प्रतिको करुणा भाव जागृत गराउन सफल प्रेम र करुणाका महागुरु हुनुहुन्छ । बुद्धका करुणा र मैत्री शिक्षाको प्रभावका कारण सम्राट अशोक जस्ता दिग्विजयका लागि निस्किएका शासकहरु बुद्ध अनुयायी बने । त्यसैले करुणाको भाव नै उच्चतम मानवीय भाव हो । आफ्नो बारेमा कसले के बिचार गर्छ भन्ने कुरातर्फ ध्यान निदई अरुको आवश्यकतालाई महसुश गरी अरुको हितका लागि कर्म गर्नु नै करुणाको उच्चतम प्रदर्शन हो ।

आफूलाई मार्न पटक-पटक प्रयास गरेका देवदत्त प्रति पनि उत्तिकै सहानुभूति र करुणा प्रकट गर्ने क्षमता नै भगवान बुद्धले सिकाउनु भएको करुणाको अद्वितीय ज्ञानको प्रमाण हो । भगवान बुद्धको दृष्टिमा करुणा र प्रेम भन्ने कुरा कुल, जात, काल वा वर्ग सापेक्ष हुँदैन । प्रेम र करुणा प्रकट गर्न कारण वा अवसर हुनु पर्दैन । अर्थात् अकारण प्रेम र करुणा निरन्तर वर्षाउन सक्ने क्षमता भएका कारण नै भगवान बुद्ध करुणा र प्रेमका सर्वकालिक गुरु बने । आजको दैनिकीमा बुद्धको तिनै करुणा र प्रेमको अंश मात्र पनि हाम्रो जीवनमा उतार्न सक्यौं भने स्वयम्, परिवार, समाज र विश्व परिवेशलाई जीवन्त र रहन योग्य बनाउन सक्छौं । अनि मात्र बुद्धको भौतिक जन्म सार्थक हुन्छ । आफूमा भएको बुद्धबीजलाई चिनौं । एकछिनको खहरे होइन, दीर्घजीवी प्रशान्त बनौं । भौगोलिक अवस्थिति र राजनैतिक सीमा पनि भगवान बुद्धकै अनित्य सद्धान्तमा अडेका छन् । तर चेतना गतिशील छ । फूलको सुगन्धलाई एक स्थानबाट अर्को स्थानसम्म पुग्न हावाको आवश्यकता पर्दछ, जता हावा वहन्छ त्यतै सुगन्ध फैलन्छ, तर चेतनाको सुवास हावाको प्रवाहको विरुद्धमा पनि पुग्छ । बुद्ध चेतनालाई आत्मसात गरौं । अहंको प्रमाद छोडेर करुणाको मार्ग अनुशरण गरौं ।

भवतु सब्ब मंगलम्

(लेखक लुम्बिनी बौद्ध विश्वविद्यालय स्नातकोत्तर तह प्रायोगिक बौद्ध अध्ययनतर्फ अध्ययनरत विद्यार्थी हुन् ।)

# राउटेले पाएनन् सामाजिक सुरक्षा भत्ता

दोधारा चाँदनी । दसैंको समयमा सामाजिक सुरक्षा भत्ता नपाउँदा राउटे निराश बनेका छन् । राउटेका अनुसार उनीहरुले साउनयता सामाजिक सुरक्षा भत्ता पाएका छैनन् ।

आफूहरूको आम्दानीको मुख्य स्रोत नै सरकारले दिने भत्ता भएको उल्लेख गर्दै दसैंमा भत्ता नआउँदा दुःख लागेको कञ्चनपुरको भीमदत्त नगरपालिका-९ का बडसिंह राउटेले बताए । "पहिले समयमै भत्ता आउँथ्यो तर अहिले दसैं सुरु हुँदा पनि भत्ता आएन ।"-उनले भने ।

समयमै भत्ता नपाएपछि राउटे बस्तीमा राउटेहरूलाई खाद्यान्न, नुन, तेललगायत किन्न समस्या भएको उनको भनाइ छ । "हामी बूढाबूढीको रु २४ हजार भत्ता आउँथ्यो त्यसै खर्चले हामीले पनि चाडपर्व मनाउँथ्यौं", राउटेले भने- "जङ्गलबाट सरकारले गाउँमा ल्यायो, काठका सामग्री बनाउन पनि काठ नपाउने अवस्था छ ।"

जङ्गलका कन्दमूल खाने र काठबाट भाँडाकुँडा बनाएर जीवीकोपार्जन गर्ने भए पनि बस्तीमा बस्दा छेउछाउका सामुदायिक वनबाट काठ ल्याउन नपाइने हुँदा काठको भाँडाकुँडा बनाउन पनि समस्या हुने गरेको किरीदेवी राउटेले बताताइन् । "यहाँ भत्ताबाहेक अन्य केही रोजगारी छैन, एउटा छोरो कमाउनका लागि भारत गएको छ", उनले भनिन्-"नौ महिना भारतमा मजदुरी गर्छ तीन महिना घरमा बस्छ त्यसैले गुजारा चलेको छ ।"

आफूहरुको जीवीकोपार्जन भत्ताको भरमा परिवार चल्ने गरेको उल्लेख गर्दै अनिता राउटेले भनिन्-"गाउँघरमा ज्यालामजदूरी गर्न पनि पाइँदैन, बस्तीमा टहरा मात्रै छ कमाइ खान जग्गा छैन ।"

भीमदत्त नगरपालिका-९ का वडाध्यक्ष गगनसिंह कार्कीले यस वर्ष सामाजिक सुरक्षा भत्ता नवीकरणको समय एक महिना थप गरेकाले सामाजिक सुरक्षा भत्ता दिन नसकिएको बताए । "पहिला भदौ मसान्तभित्र नवीकरण हुन्थो, दसैं अगाडि भत्ता वितरण आउँथो", उनले भने -"असोज मसान्तसम्म नवीकरणको समय भएकाले भत्ता दिन नसकिएको हो ।"

उनका अनुसार उक्त वडामा २० जना राउटेले सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन् । लोपोन्मुख राउटे समुदायका परिवारका सबै सदस्यले मासिक रूपमा सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन् ।

# बच्चाको लागि  कति 'स्क्रिन टाइम' उपयुक्त ?

प्रभाद दबाडी

आजको डिजिटल युगमा मोबाइल, ट्याब्लेट, टेलिभिजन र कम्प्युटर बालबालिकाको जीवनशैलीमा अभिन्न जस्तै बनिसकेको छ । यीनै उपकरणहरूसँग बिताएको समयलाई स्क्रिन टाइम भनिन्छ ।

सुरुमा यस्तो रमाइलो लाग्न सक्ने यी उपकरणहरूको अत्यधिक प्रयोगले बच्चाको भाषा विकास, ध्यान, निद्रा, सामाजिक व्यवहार र मानसिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ भन्ने कुरा वैज्ञानिक अनुसन्धानहरूले प्रमाणित गरिसकेका छन् ।

**स्क्रिन टाइम भनेको के हो ?**

कुनै पनि स्क्रिन जस्तै टेलिभिजन/मोबाइल/ट्याब्लेटको अगाडि बसेर कुनै पनि डिजिटल गतिविधि जस्तै गेम खेल्ने/ भिडियो हेर्ने/सामाजिक सञ्जाल चलाउनेलाई स्क्रिन टाइम भनिन्छ । स्क्रिन टाइम को बेला तपाईं एकै ठाउँमा बसिरहनु हुन्छ र कम भौतिक गतिविधि गर्नु हुन्छ ।

तपाईंको बच्चाको लागि कति स्क्रिन टाइम लाई "धेरै" भनिन्छ ?

स्क्रिन टाइम र बोली, भाषाको विकास, सञ्चार, ध्यान दिन सक्ने क्षमता, निद्रा र मानसिक स्वास्थ्य बीच सम्बन्ध रहेको देखिन्छ ।

०-५ वर्षसम्मको बच्चालाई कति स्क्रिन टाइम उपयुक्त हुन्छ ?

- ०-२ वर्षका बच्चालाई कुनै पनि स्क्रिन नदेखाउने । यद्यपि कहिलेकाहीं परिवार वा साथीभाइसँग कुरा गर्ने सन्दर्भमा देखाउन सकिनेछ ।
- २ वर्षदेखि ५ वर्षसम्मका बच्चालाई ३० मिनेटभन्दा बढी स्क्रिन टाइम दिनु हुँदैन ।
- ठूलो स्क्रिन प्रयोग गर्नुहोस् : यदि तपाईंको बच्चाले स्क्रिनमा केही हेर्दैछ भने सकेसम्म ठूलो स्क्रिन (जस्तै टेलिभिजन  वा कम्प्युटर) प्रयोग गर्नुहोस् । ठूलो स्क्रिन प्रयोग गर्दा आँखामा कम असर पर्छ ।
- बच्चालाई शान्त पार्न मोबाइल/ट्याब्लेट प्रयोग नगर्नुहोस् । धेरै स्क्रिन टाइम ले बच्चालाई झिँझो लाग्ने र रिसाउने बनाउँछ । यसको सट्टामा बच्चासँग खेल्ने, गफ गर्ने, सँगै किताब पढ्ने वा कथा सुनाउने गर्नुहोस् ।

**धेरै स्क्रिन देखाउँदा हुने असरः**

- बच्चाले थोरै शब्दहरू मात्र बोल्न सक्छ ।
- बोली भाषा विकासमा ढिलाइ हुन सक्छ ।
- सामाजिक व्यवहारमा कठिनाइ आउन सक्छ ।

६ वर्षदेखि १० वर्षसम्मका बालबालिकाका लागि

- बिहान मोबाइल वा अन्य स्क्रिन बिना उठ्ने ।
- दिनको १-२ घण्टा मात्र मोबाइलको प्रयोग गर्ने र बिदाको दिनमा २ घण्टाभन्दा बढी प्रयोग नगर्ने ।
- बिहान उठ्ने बेलामा मोबाइल वा अन्य स्क्रिन पहुँच बाहिर राख्नुहोस् ।
- दिनमा १-२ घण्टा व्यायाम गर्ने वा खेल खेल्ने ।
- संवेगात्मक-शारीरिक गतिविधि प्रोत्साहन गर्नुहोस् : बच्चाहरू धेरैजसो समय आफूभन्दा ठूला व्यक्तिहरूको नक्कल गर्छन् र उनीहरूकै जस्तै व्यवहार अपनाउँछन् । त्यसैले तपाईंले पनि आफ्नो सामाजिक सञ्जाल र फोन चलाउने बानीमा ध्यान दिनुहोस् र नियन्त्रण गर्नुहोस् ।

**सुत्नुअघि १ घण्टा अगाडि स्क्रिन प्रयोग नगर्नुहोस्ः**

- बालबालिकालाई सुत्नुभन्दा कम्तिमा पनि १ घण्टा अगाडि कुनै पनि स्क्रिनहरु प्रयोग गर्न नदिनुहोस् ।
- मोबाइल, ट्याब्लेट वा कम्प्युटर सुत्ने कोठाबाट बाहिर राख्नुहोस् ।
- बच्चाले मोबाइल वा स्क्रिनमा के हेरिरहेको छ भनेर निगरानी गर्नुहोस् ।
- हिंसात्मक वा नकारात्मक प्रभाव पार्ने खालका भिडियोहरु हेर्न नदिनुहोस् ।
- साथीभाइसँग घुलमिल हुने अवसर दिनुहोस् ।
- समय हेर्नको लागि भित्ते घडीको प्रयोग गर्नुहोस्; कोठामा कुनै पनि स्क्रिन नराख्नुहोस् ।

धेरै स्क्रिन टाइम वा सामाजिक सञ्जालको प्रयोगले बच्चाको ध्यान केन्द्रित गर्ने क्षमता, निद्रा, र मानसिक स्वास्थ्यमा नकारात्मक असर पार्न सक्छ । यसले विकसित मस्तिष्कमा पनि असर पार्छ ।

**स्क्रिन भन्दा बाहिरका विकल्पहरूः**

- हिँड्ने, दौडिने, साइकल चलाउने जस्ता भौतिक गतिविधिहरूमा संलग्न गराउनुहोस् ।
- बच्चालाई स्क्रिनबाट टाढा राखी एक-आपसमा समय बिताउने प्रयास गर्नुहोस् ।
- सुत्नुअघि कथा वाचन गर्ने बानीले बालबालिकाको समग्र विकासमा ठूलो सहयोग पुर्‍याउँछ ।

स्वास्थ्य खबरबाट

# अख्तियारमा ३७ हजार २६ उजुरी दर्ता, छ अर्ब बढीको बिगो माग दाबी

बुटवल । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा एक वर्षमा ३७ हजार २६ वटा उजुरी दर्ता भएका छन् ।

आर्थिक वर्ष २०८१/८२ मा आयोगको केन्द्रीय कार्यालय र मातहत कार्यालयमा दर्ता भएका २८ हजार ५५४ वटा र त्यस अघिको आवबाट जिम्मेवारी सरी आएका आठ हजार ४७२ वटा गरी जम्मा ३७ हजार २६ वटा उजुरी दर्ता भएको आयोगले जनाएको छ । तीमध्ये सबैभन्दा बढी अर्थात् १० हजार २४५ वटा (२७.६७ प्रतिशत) उजुरी आयोगको वेबसाइट प्रयोग गरी अनलाइनबाट प्राप्त भएका छन् । त्यसपछि क्रमशः लिखित निवेदन, इमेल, हुलाक सेवा, टेलिफोन, सामाजिक सञ्जाललगायतका माध्यमहरूबाट बढी उजुरी प्राप्त भएका आयोगको प्रतिवेदनमा उल्लेख छ । आयोगले आइतबार राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष आर्थिक वर्ष २०८१/८२ को ३५औँ वार्षिक प्रतिवेदन पेस गरेको छ । यस अवधिमा दर्ता भएका कुल उजुरीमध्ये १९ हजार ५६१ वटा (५२.८३ प्रतिशत) उजुरी आयोगको केन्द्रीय कार्यालयमा छन् । आयोग मातहतका कार्यालयहरूमध्ये सबैभन्दा बढी तीन हजार ९७० वटा (१०.७२ प्रतिशत) उजुरी आयोगको कार्यालय बर्दिबासमा र सबैभन्दा कम अर्थात् ९०२ वटा (२.४४ प्रतिशत) उजुरी सम्पर्क कार्यालय नेपालगञ्जमा छन् ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार आयोगले केन्द्रीय कार्यालय टङ्गाल काठमाडौंका साथै इटहरी, बर्दिवास, हेटौँडा, पोखरा, बुटवल, सुर्खेत, कञ्चनपुर र नेपालगञ्जस्थित मातहत कार्यालयहरूबाट कार्यसम्पादन गर्दै आएको छ । हाल आयोगमा कूल ९९० कर्मचारी दरबन्दी रहेको र आयोगबाट ३३ वटा जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई अनुसन्धानसम्बन्धी अधिकार प्रत्यायोजन गरिएको छ ।

**स्थानीय तहका पदाधिकारीसम्बद्धका उजुरी बढी**

यस अवधिमा छ वटा प्रदेशमा स्थानीय तहका निकाय वा पदाधिकारीसम्बद्ध उजुरी बढी परेका छन् भने बागमती प्रदेशमा सङ्घीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरीको संख्या बढी रहेको प्रतिवेदनमा उल्लेख छ ।

यसैगरी कर्णाली र सुदूरपश्चिम प्रदेशमा प्रदेश सरकारका निकाय वा पदाधिकारीसम्बद्ध बढी उजुरी परेको छ । उजुरीको समग्र संख्या बागमती प्रदेशमा सबैभन्दा बढी अर्थात् ११ हजार २७७ वटा (३०.४६ प्रतिशत) रहेका छन् भने गण्डकी प्रदेशमा सबैभन्दा कम अर्थात् दुई ४१३ वटा (६.५२ प्रतिशत) रहेका छन् । यस अवधिमा प्राप्त कुल उजुरीमध्ये १९ हजार ९३३ वटा अर्थात् ५३.८४ प्रतशित उजुरी स्थानीय तहसम्बद्ध, १२ हजार ४७५ वटा अर्थात् ३३.६९ प्रतिशत उजुरी सङ्घ सरकारसम्बद्ध र चार हजार ६१८ वटा अर्थात् १२.४७ प्रतिशत उजुरी प्रदेश सरकारसम्बद्ध छन् ।सङ्घ सरकारसम्बद्ध उजुरीमध्ये मन्त्रालयगत आधारमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयसँग सम्बन्धित उजुरी सबैभन्दा बढी अर्थात् १७.१२ प्रतिशत रहेका छन् । आव २०८१/८२ मा दर्ता कायम भएका प्रदेश सरकारसम्बद्ध कुल चार ६१८ वटा उजुरीमध्ये सबैभन्दा बढी अर्थात् एक हजार दुई सय वटा (२५.९९ प्रतिशत) उजुरी मधेस प्रदेशसम्बद्ध र सबैभन्दा कम अर्थात् ३४५ वटा (७.४८ प्रतिशत) उजुरी गण्डकी प्रदेशसम्बद्ध छन् ।

विषय क्षेत्रगतरूपमा परेका उजुरी संख्याको आधारमा कोसी, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा वन तथा वातावरण क्षेत्रसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै रहेका छन् । मधेस प्रदेशमा भने भौतिक पूर्वाधार तथा यातायत क्षेत्रसँग सम्बन्धित उजुरीको संख्या सबैभन्दा बढी छ ।

यस अवधिमा दर्ता भएका स्थानीय तहसम्बद्ध कूल १९ हजार ९३३ उजुरीमध्ये सबैभन्दा बढी अर्थात् सात हजार ७२ वटा (३५.४८ प्रतिशत) उजुरी मधेस प्रदेशका स्थानीय तहसँग सम्बन्धित र सबैभन्दा कम अर्थात् एक हजार चार सय २० वटा (७.१२ प्रतिशत) उजुरी गण्डकी प्रदेशका स्थानीय तहसँग सम्बन्धित रहेका प्रतिवेदनमा उल्लेख छ ।

यस अवधिमा आयोगबाट विभिन्न भ्रष्टाचारजन्य कसुरमा १३५ वटा र सम्पत्ति शुद्धीकरण कसुरमा दुई वटा गरी जम्मा १३७ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको आयोगले जनाएको छ । भ्रष्टाचारजन्य कसुरमा दायर भएका मुद्दामध्ये सबैभन्दा बढी अर्थात् ३७ वटा मुद्दा घुस रिसवतसम्बन्धी छन् ।

त्यसपछि क्रमशः गैरकानुनी लाभ हानिसम्बन्धी ३५ वटा, भ्रुटा नक्कली शैक्षिक प्रमाणपत्रसम्बन्धी २७ वटा, सार्वजनिक सम्पत्तिको हानि नोक्सानीसम्बन्धी २४ वटा, गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी आठ वटा, र विविध विषयका चार वटा मुद्दा छन् ।

उल्लिखित मुद्दाहरूमा ९४ जना महिला, ६१९ जना पुरुष र ४० संस्था गरी कुल ७५३ प्रतिवादीविरुद्ध कैद सजाय र जरिवानाका अतिरिक्त जम्मा रु छ अर्ब एक करोड ८४ लाख ७२ हजार ६९२ रुपियाँ ९३ पैसा बिगो माग दाबी लिइएको छ ।

कूल ७५३ प्रतिवादीहरुमध्ये राष्ट्रसेवक कर्मचारी ३९२, निर्वाचित जनप्रतिनिधिहरु ४८, राजनीतिक नियुक्ति १८, विभिन्न उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीलगायत, संस्था र अन्य गरी २९५ रहेका छन् ।

आयोगबाट विशेष अदालतमा दायर भएका मुद्दाहरूमध्ये आव २०८१/८२ मा गत विगत आर्थिक वर्षमा दायर भएका मुद्दासमेत जम्मा तीन सय ९३ वटा मुद्दाको फैसला प्राप्त भएको छ । फैसला प्राप्त भएका मुद्दाहरूमध्ये ८७ वटा मुद्दामा पूर्ण र १२० वटा मुद्दामा आंशिक गरी २०७ वटा अर्थात् ५२.६७ प्रतिशत मुद्दामा कसुर कायम भएको आयोगले जनाएको छ ।

# देवीमायालाई बजाज बाइक किन्दा ५० हजार पुरस्कार




बुटवल । दसैं बजाज बाइक खरिद गर्ने क्रममा देवदह-१० की देवीमाया अधिकारीले (तिवारी) ५० हजार रुपैयाँ पुरस्कार हात पार्न सफल भएकी छन् ।

बुटवल कालिकानगरस्थित श्री भैरव अटोमोबाइल्स प्रालिमा बजाज पल्सर १५० सिंगल डिस्क खरिद गर्दा उनलाई लुम्बिनी प्रदेशबाट भाग्यशाली ग्राहक बन्दै पुरस्कार पाएकी हुन् ।

सोमबार एक समारोहका बिच श्री भैरव अटोमोबाइल्स प्रालिका म्यानेजिङ डाइरेक्टर कृष्णबहादुर खड्काले अधिकारीलाई नगद हस्तान्तरण गरेका छन् । नेपालमा बजाज मोटरसाइकलको अधिकृत वितरक हंसराज हुलासचन्द एण्ड कम्पनीले यस वर्षको दसैं-तिहारमा बजाज प्रिमियर लिग (मनाऔ जितको उत्सव) अफर ल्याएको छ । यसपटक कम्पनीले परम्परागत 'स्क्र्याच कार्ड' प्रणाली हटाएर ग्राहकलाई अनलाइन इन्टरएक्टिभ क्रिकेट गेम खेल्ने अवसरमार्फत् हरेक हप्ता बाइक खरिदकर्तामध्ये एकजनालाई न्यूनतम ७ हजारदेखि अधिकतम १ लाख रुपैयाँसम्म पुरस्कार पाउने व्यवस्था गरिएको उनले बताए ।

हप्ताको शीर्ष स्कोररलाई १ लाख रुपैयाँबाट पुरस्कृत गरिने उनले जनाए । एक भाग्यशाली ग्राहकले आफ्नो मनपर्ने क्रिकेटरलाई प्रत्यक्ष भेट्ने दुर्लभ अवसर पाउनेछन् ।

यसै क्रममा, कम्पनीले असोज ५ देखि १० गतेसम्म देशभर नेशनल फ्रि चेकअप क्याम्प सञ्चालन गरिरहेको छ । जसमा ५० प्रतिशत लेभर चार्ज, १६ प्रतिशत ईन्जिन आयल, १० प्रतिशत स्पेयर पार्ट, १० प्रतिशत युरो ग्रिप टायरमा समेत छुट रहेको छ ।

रुपन्देही क्षेत्रमा बिक्री-वितरण गर्दै आएको श्री भैरव अटोमोबाइल्स प्रालिमा हाल करिब दुई दर्जन कर्मचारी तथा टेक्निसियन कार्यरत छन् । कम्पनीले एफआई र एबिएससहित १५ भेरियन्टका दुई पांग्रे सवारी बजारमा उपलब्ध गराएको छ । कम्पनीका अनुसार आइतबारदेखि दसैं अफर पनि सुरु भएको छ ।

# दाङका पाँच अतिरिक्त हुलाक कार्यालय बन्द

तुलसीपुर । दाङका पाँचवटा अतिरिक्त हुलाक कार्यालयहरू बन्द भएका छन् । हुलाक निर्देशनालय दाङका अधिकृत शोभाराम बस्नेतका अनुसार तुलसीपुर-१३ को फूलबारी, तुलसीपुर-१८ बेलभ्रुण्डी, तुलसीपुर-४ को हलवार, बबई गाउँपालिकाको पुरन्धारा, दङ्गीशरण गाउँपालिकाको गोल्टाकुरीमा रहेका अतिरिक्त हुलाक कार्यालयहरू बन्द भएका हुन् ।

पछिल्लो समय अतिरिक्त हुलाकको काम शून्य प्रायः छ । यसरी सेवाग्राही नहुँदा पनि अतिरिक्त हुलाक कार्यालयहरू बन्द हुने अवस्थामा आएको अधिकृत बस्नेतले बताए । "अतिरिक्त हुलाक कार्यालयको काम शून्य जस्तै छ, केही बैङ्कका चिठीहरूबाहेक अरू चिठी आउन छोडे ।"-उनले भने ।

अतिरिक्त हुलाक कार्यालयका कर्मचारीहरूको अवकाश भएपछि त्यो पद स्वतः खारेज हुने भएपछि यसरी अतिरिक्त हुलाक कार्यालयहरू बन्द भएका हुन् । कार्यालयहरू कामविहीन भएपछि बन्द गर्न थाले पनि विरोध भएपछि कर्मचारीको अवधिभर काम गर्ने र अवकाश भएपछि त्यो पद स्वतः खारेज हुने कानुनी व्यवस्था गरिएको छ ।

अतिरिक्त हुलाक कार्यालयहरूमा हुलाक प्रतिनिधि, वितरण, डाँक वाहकलगायतका पद थिए । उनीहरूले दैनिक कम्तीमा पनि दुई घण्टा काम गर्नुपर्ने हुन्थ्यो । हाल जिल्लामा २५ वटा हुलाक अतिरिक्त कार्यालयहरू भने चलिरहेका छन् भने इलाका हुलाक कार्यालयहरू पाँचवटा रहेका छन् ।

# सार्वजनिक सवारी साधनमा 'रुट परमिट' खुला

बुटवल । यात्रुवाहक सार्वजनिक सवारी साधनमा सोमबारदेखि रुट परमिट (अनुमति) खुला गरिएको छ ।

देशभरको सार्वजनिक यातायातलाई चाडपर्वको बेलामा सहज ढङ्गले सञ्चालन गर्नका लागि देशभर रुट परमिट खुला गरिएको नेपाल यातायात व्यवसायी राष्ट्रिय महासङ्घका अध्यक्ष विजयबहादुर स्वाँरले जानकारी दिए ।

रुट परमिट खुला गरेसँगै अब रुट नलिइन सार्वजनिक यातायात गन्तव्यस्थलसम्म जान पाउनेछन् । कुनै बाटोको विशेष प्रकृतिका कारण सो बाटोमा चल्न निषेध गरिएका आकार प्रकारका सार्वजनिक सवारी साधनलाई भने सो बन्देज कायमै राखिने भएको छ ।

रुट परमिट खुला आगामी असोज २२ गतेसम्म कायम रहने अध्यक्ष स्वाँरले बताए । सार्वजनिक सवारी साधनमा यात्रा गर्दा यात्रुले अनिवार्य रुपमा टिकट लिनुपर्ने महासङ्घले जनाएको छ ।

यातायात आवागमन सहज बनाउन खाद्यान्नलगायतका अत्यावश्यक वस्तुको ढुवानी गर्ने बाहेकका ट्रेलरलगायतका ठूला सवारीसाधन घटस्थापनादेखि पूर्णिमासम्म नारायणघाटदेखि काठमाडौँसम्म सञ्चालन गर्न रोक लगाउने निर्णय यसअघि नै सरकारले गरिसकेको छ ।

**नवनियुक्त...**

सोमबार मन्त्रालयमा पदभार ग्रहणपछि आयोजित पत्रकार सम्मेलनमा बोल्ने क्रममा उनले यस्तो बताएका हुन् ।

उनले नेपालको कर्मचारीतन्त्रलाई विश्वास गर्नसकिने देख्न रहर भएको बताए । कर्मचारीतन्त्र स्वतन्त्र भएको खण्डमा धेरै काम गर्न सकिने उनको भनाइ थियो ।

'स्वतन्त्र बनियो भने, कुनै नेताको गोटी बन्न परेन भने, नेपालको ब्युरोक्रेसीले काम गर्न पायो भने हाम्रा हरेक कर्मचारी दखखल राख्छन् । लोकसेवा त्यतिकै पास गरेको हुँदैन ।'- उनले भने ।

एउटा मन्त्री मात्रै भएर काम गर्न नसकिने भन्दै उनले कर्मचारीको भूमिका महत्वपूर्ण हुने बताए ।

मन्त्री खरेलले ५ महिनाभित्र देशका प्रमुख १० वटा शहरका सार्वजनिक स्थलमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउने निर्णय गरेका छन् ।

मन्त्रालयको पदभार ग्रहण गरेका मन्त्री खरेलले पहिलो निर्णयमा यो व्यवस्था गर्न भनेका हुन् । पदभार ग्रहणका लागि पुगेका मन्त्री खरेलले सुरुमा कर्मचारीले ल्याएको प्रस्तावमा केही थप गर्न लगाएर ल्याउन भनेका थिए ।

निर्णयअनुसार काठमाडौं बाहिरका प्रमुख १० वटा शहरका प्रमुख सार्वजनिक स्थलमा इन्टरनेट सेवा उपलब्ध गराइनेछ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP)

### प्रकाशनको सूचना

यस कम्पनीले चिनबाट पैठारी गरेको देहाएको माल वस्तुको अधिकतम खुद्रा मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

| क्र.सं. | वस्तुको विवरण | ब्राण्ड | उत्पन्न मूलक | ईकाइ | MRP |
|---|---|---|---|---|---|
| १ | Smart Interactive White board | Evolution | China | 1set | 1,86,550 |

**बिक्रेता फर्मको नामः छत्रदेव इन्टरनेशनल ट्रेडर्स**

**ठेगानाः बुटवल, रुपन्देही**

**Exim Code Number : 1215759550144-NP**


"समुन्नत, सुरक्षित र वातावरणमैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

## तिलोत्तमा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय गुणस्तर ९००१:२०१५ नगरपालिका"

### व्यवसाय करको बक्यौतामा हर्जाना हुने छुट सम्बन्धी सूचना

मितिः २०८२/०६/०७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५८ तथा तिलोत्तमा नगरपालिकाको सालबसाली आर्थिक ऐन बमोजिम यस नगरपालिकालाई कार्यक्षेत्र बनाई सञ्चालनमा रहेका सबै प्रकारका व्यवसायले यस नगरपालिकामा दर्ता/सूचिकृत भई वार्षिक रुपमा तोकिएको दरमा व्यवसाय कर बुझाउनु पर्ने प्रावधान रहेको छ । साथै सम्बन्धित आ.व.को व्यवसाय कर सोही आ.व.मा नबुझाएमा बक्यौता करमा ५० प्रतिशतले हर्जाना लाग्ने व्यवस्था रहेको छ । हालसम्म विभिन्न कारणले व्यवसाय कर दाखिला नगरी बक्यौता रहेका देहायका व्यवसायहरुले २०८२ पौष मसान्तभित्र यस्तो बक्यौता दाखिला गरेमा बक्यौतामा लाग्ने हर्जानामा ८० प्रतिशत छुट दिने निर्णय भएको हुँदा यस अवधिमा नियमानुसारको बक्यौता तथा चालु आ.व. समेतको कर बुझाई बक्यौतामा हर्जाना छुटको अवसर लिन सम्बन्धित सबै व्यवसायीहरुलाई अनुरोध गरिन्छ ।

**तपसील**

| क्र.सं. | छुट योजना लागु हुने व्यवसायहरु | प्रष्टिकरण |
|---|---|---|
| १ | तिलोत्तमा नगरपालिकामा कार्यक्षेत्र भई सञ्चालनमा रहेका तर व्यवसाय कर प्रयोजनका लागि यस नगरपालिकामा हालसम्म दर्ता वा सूचिकृत नभएका सबै प्रकारका व्यवसायहरु । | आ.व. २०७४/०७५ देखि वा व्यवसाय सञ्चालन गरेको आ.व. देखि २०७९/०८० सम्मको बक्यौतामा लाग्ने हर्जानामा ८० प्रतिशत रकम छुट हुनेछ । तर आ.व. २०८०/०८१ र २०८१/०८२ को बक्यौतामा लाग्ने हर्जानामा छुट हुने छैन । यी व्यवसायहरुले आ.व. ०८२/०८३ को व्यवसाय कर दाखिला तथा व्यवसाय दर्ता/सूचिकृत गरि नियमित करदाता बन्नुपर्नेछ । |
| २ | तिलोत्तमा नगरपालिकामा व्यवसाय कर बुझाई दर्ता/सूचिकृत भएका तर नियमित रुपमा व्यवसाय कर नबुझाएका सबै प्रकारका व्यवसायहरु । | पछिल्लो पटक कर बुझाएको आ.व. देखि २०७९/०८० सम्मको बक्यौतामा लाग्ने हर्जानामा ८० प्रतिशत छुट हुनेछ । २०८०/०८१ र २०८१/०८२ को बक्यौतामा लाग्ने हर्जानामा छुट हुनेछैन । यी व्यवसायहरुले आ.व. ०८२/०८३ को समेत कर दाखिला गरि नियमित करदाता बन्नुपर्नेछ । |
| ३ | तिलोत्तमा नगरपालिकामा व्यवसाय कर बुझाई दर्ता/सूचिकृत भएता पनि भौतिक रुपमा व्यवसाय बन्द गरेका तर हालसम्म व्यवसायको लगत कट्टी नगरेका सबै प्रकारका व्यवसायहरु । | पछिल्लो पटक कर बुझाएको वा व्यवसाय बन्द भएको आ.व. देखि २०७९/०८० सम्मको बक्यौतामा हर्जाना ८० प्रतिशत छुट हुने । २०८०/०८१ र २०८१/०८२ को बक्यौतामा हर्जाना छुट हुनेछैन । साथै आ.व. ०८२/०८३ को समेत कर दाखिला गरि व्यवसायको लगत कट्टा गराउनु पर्नेछ । |

## शितगंगा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**ठाडा प्राथमिक स्वास्थ्य केन्द्र**

**ठाडा, अर्घाखाँची**

**लुम्बिनी प्रदेश, नेपाल**

### दरभाउपत्र आह्वान सम्बन्धी सूचना

**प्रकाशित मिति २०८२।०६।०७**

यस शितगंगा नगरपालिका अन्तर्गत रहेको ठाडा प्राथमिक स्वास्थ्य केन्द्रले आ.व २०८२/८३ का लागि आबश्यक औषधि तथा सर्जिकल तथा ल्याब सामग्री खरिदको दरभाउपत्र आह्वान गरी गराउनु पर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य इच्छुक नेपाली उत्पादक/आपूर्ति कर्ताबाट निम्न शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

१. दरभाउपत्र फारम तल उल्लेखित दस्तुर नगदै यस कार्यालयमा बुझाई (फिर्ता नहुने गरी) नगदी रसिद साथ उत्पादक/आपूर्तिकर्ता इजाजतपत्र आ.व २०८२।०८३ सम्मको कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि संलग्न राखी निवेदन दिई यो सूचना प्रथम पटक प्रकाशित मितिले १५ औं दिनसम्म यस कार्यालयबाट कार्यालय समयभित्र खरिद गर्न सकिने छ ।

२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरि दरभाउपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सम्पूर्ण सम्वन्धित कागजात सहित सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखी मिति २०८२।०६।२२ गते दिउसो १२:०० बजे भित्र सम्म यस कार्यालयमा दर्ता गराइसक्नुपर्नेछ ।
कार्यालयबाट जुन फर्मको नाममा दरभाउ पत्र बिक्री भएको हो सोही फर्मको नामबाट मात्र सिलबन्दी दरभाउपत्र दर्ता गर्नुपर्नेछ ।

३. उल्लेखित समयभित्र प्राप्त शिलबन्दी दरभाउपत्र सोही दिन दिउँसो २:०० बजे दरभाउपत्र स्वयम वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । दरभाउपत्र साथ तपशिल उल्लेखित रकम धरौटी वापत यस प्राथमिक स्वास्थ्य केन्द्र ठाडाको नाममा रा.बा.बैंक ठाडा शाखामा रहेको खाता नं ३३८०१०००००४८७००१ मा जम्मा गरेको सक्कल दोस्रो प्रति भौचर वा नेपाल राष्ट्र बैंकबाट "क" बर्गको मान्यता प्राप्त बैकबाट वा कुनै वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टी (विडवण्ड)सक्कलै पेश गर्नुपर्नेछ ।

४. दरभाउपत्रमा दररेट उल्लेख गर्दा औषधिको प्रत्येक परिणामको अंक अक्षर दुबैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर विच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघी आएको,रीत नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

५. दररेट भर्दा मु.अ कर लाग्ने औषधि तथा सामग्री भएमा पनि मु.अ.कर बाहेकको दररेट भर्नुपर्नेछ । सम्बन्धित औषधि हरुको लागि औषधि ब्यबस्था विभाग DDA बाट दर्ता प्रमाणपत्र ।
औषधि GMP Certified हुनुपर्नेछ ।

६. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरुले कामको सम्बन्धमा राम्रोसँग बुझी दरभाउपत्र भरेको मानिनेछ । दरभाउपत्र खरिद गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा क्रमश कार्यालय खुलेको पहिलो दिनको सोही समय कायम हुनेछ ।

७. कुनै पनि कारण जनाई दरभाउपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । दरभाउपत्र संशोधन भएमा कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

८. नक्कली कागजात पेश गरी वा मिलेमतो गरी दरभाउपत्रमा भाग लिएको पाइएमा त्यस्ता दरभाउपत्र दाताको दरभाउपत्र रद्द गरी कालो सूचीमा समाबेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ । यस सूचनामा उल्लेख नभएको बँदाहरुको हकमा प्रचलित सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ अनुसार हुनेछ ।

९. बोलपत्र आइटम वाइज मूल्याङ्कन गरी स्वीकृत गरिनेछ । मूल्याङ्कन गर्दा औषधि आइटमको कम्तिमा ५० वटा आइटमको मूल्यलाई मूल्याङ्कन गरी स्वीकृत गरिनेछ र सर्जिकल र ल्याब गरी २५ वटा आइटमको मूल्यलाई मूल्याङ्कन गरी स्वीकृत गरिनेछ । बोलपत्र स्वीकृत पश्चात औषधि तथा सर्जिकल सामग्रीहरु ठाडा प्रा.स्वा.के को फार्मेसीमा बिक्री गर्ने प्रयोजनको लागि आबश्यकता अनुसार २०८३ को असारमसान्तसम्मको लागि खरिद गर्न खरिद आदेश पठाइनेछ । र बोलपत्रदाताले आदेश पाएको ३ दिनभित्र आपूर्ति गर्नु पर्नेछ । आपूर्ति गर्न ढिला भएमा अन्य आपूर्ति कर्ताबाट खरिद गरिनेछ । र लागेको खर्च रकम असुल उपर गरिनेछ ।

१०. औषधि तथा सर्जिकल सामग्री बिक्री हुन नसकेमा म्याद समाप्त हुनुभन्दा २ महिना अगावै फिर्ता लैजानु पर्दछ । र सो को लागत बोलपत्रदाताले स्वयम बेहोर्नु पर्दछ । यस सम्बन्धमा थप जानकारी आबश्यक परेमा कार्यालय समय भित्र मो.नं. ९८४७५३८४०२,९८४७४००८४७ ,९८४७१८११५४ र ९८६०३१९०३५ मा सम्पर्क राखी बुझ्न सकिनेछ ।

| ठेक्का नं | विवरण | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| १.२०८२/८३ | विभिन्न प्रकारका औषधि तथा सर्जिकल सामग्री खरिद/आपूर्ति गर्ने कार्य | रु ५००००।- | रु २०००।- |


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**

**विशाल सेनेटरी**

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

**सीताराम सफा सेनेटरी**

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

**तिनाउ सेनेटरी**

बुटवल-१०, सुखानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३



चाहेँको खण्डमा बेलैमा काम हुँदोरहेछः

गुल्मी जिल्लाको मालिका गाउँपालिकाको सिलादी-घमिर-अर्खवाङ सडकखण्ड निर्माण व्यवसायी करिष्मा कन्स्ट्रक्सन एण्ड सप्लायर्सले ठेक्का लिएको डेढ मैहिनामै सम्पन्न भएको छ। एक करोड चालिस लाखको काम समयमै सम्पन्न गरी कार्यालयलाई बुझाइएको हो। *तस्विरः तिलक महत*

# कास्की कारागारबाट भागेका कैदी स्याङ्जामा पक्राउ

स्याङ्जा। जेनजीको आन्दोलनको क्रममा भदौ २४ गते कास्की कारगारबाट भागेका कैदी पक्राउ परेका छन्। स्याङ्जा भीरकोट नगरपालिका ३ का यमबहादुर रोकालाई प्रहरीको विशेष टोलीले पक्राउ गरेको हो। कर्तव्य ज्यान मुद्दामा कारागार पुगेका रोका जेनजीको आन्दोलनको फाइदा उठाउँदै भदौ २४ गते रातको समयमा फरार भएका थिए।

जिल्ला प्रहरी कार्यालय, वडा प्रहरी कार्यालय वालिङ र सो मातहतबाट खटिएको विशेष अप्रेसन टोलीले निजकै घरमा बसेको अवस्थामा पक्राउ गरी जिल्ला कारागार स्याङ्जा पठाइएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ। आन्दोलनका क्रममा कारागारबाट भागेका कैदीहरुलाई प्रहरीले तुरुन्त फर्कन आह्वान गर्दै आएको छ।

# न्यू होराइजन कप शिक्षक-कर्मचारी भलिबल सुरु



बुटवल। न्यू होराइजन आवासीय अंग्रेजी माविबुटवलको आयोजनामा दोस्रो न्यू होराइजन कप अन्तर समुह पुरुष तथा महिला शिक्षक कर्मचारी भलिबल प्रतियोगिता सुरु भएको छ।

सोमबार विद्यालयको आफ्नै खेल मैदान देविनगरमा विद्यालय सञ्चालक समिति अध्यक्ष ज्ञानेन्द्र कसजू, प्राचार्य लोकनाथ उपाध्यायलगायतले प्रतियोगिताको उद्घाटन गरे। पुरुषतर्फ ५ र महिलातर्फ २ गरी ७ टिमले लिगका आधारमा खेल्ने प्रतियोगिता असोज ९ गतेसम्म चल्ने छ। प्रतियोगिता उद्घाटनका अवसरमा बोल्दै अध्यक्ष ज्ञानेन्द्र कसजूले स्वस्थ जीवन रआपसी मित्रताका लागि खेलकुद प्रतियोगिताहरुको भूमिका महत्वपूर्ण हुने बताए। उनले महिलातर्फ पुरस्कार राशी वृद्धि गर्न सुझाव दिए।

प्राचार्य लोकनाथ उपाध्यायले विद्यालयले विद्यार्थीको मात्र नभई शिक्षक कर्मचारीको अन्तरनिहीत प्रतिभा प्रष्फुटनका लागि खेलकुद र अन्य विभिन्न कार्यक्रम गर्दै आएको बताए।

उप-प्राचार्य राजीव श्रेष्ठले आगामी दिनमा न्यू होराइजन मातृ संस्थाअन्तर्गतका सबै भगिनी संस्थाका शिक्षक कर्मचारीबिच प्रतियोगिता गर्न सुझाव दिए।

कार्यक्रममा उप-प्राचार्य बालकृष्ण भण्डारी, बासुदेव अर्याल, कक्षा ८-१० टिम म्यानेजर विष्णुप्रसाद बस्याल, कोच प्रकाश गौतम, प्रतियोगिता संयोजक बालकृष्ण बस्याल, कक्षा ८ संयोजक कपिल आचार्यलगायतले आफ्ना भनाइ राखेका थिए।

पहिलो दिन तीन खेल सम्पन्न भएका छन्। जसमा म्यानेजमेन्ट समूहले विज्ञान समूहलाई २-०, कक्षा ८-१० समूहले कक्षा २-७ समूहलाई २-० को सोझो सेटमा र म्यानेजमेन्ट समूहले कर्मचारी टिमलाई २-१ सेटमा पराजित गरेको छ। प्रतियोगिताका विजेताले पुरुषतर्फ २० हजार, दोस्रोले १५ हजार, तेस्रोले १० हजार र सान्त्वना हुने टिमले ५ हजार तथा महिलातर्फ विजेताले १० हजार र उपविजेताले ५ हजार नगद पुरस्कार प्राप्त गर्ने प्रतियोगिता संयोजक बालकृष्ण बस्यालले जानकारी दिए।

# सिद्धार्थ राजमार्गमा यात्रु सहायता कक्ष सञ्चालनमा



स्याङ्जा। मुख्यगरी चाडपर्व लक्षित गरेर जिल्ला प्रहरी कार्यालय स्याङ्जा र ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले यात्रु सहायता कक्ष सञ्चालनमा ल्याएको छ। सिद्धार्थ राजमार्ग हुँदै सञ्चालन हुने सवारी साधनमा यात्रा गर्ने यात्रुहरुलाई लक्षित गरेर ट्राफिक प्रहरीले यात्रु सहायता कक्ष सञ्चालनमा ल्याएको हो। असोज ६ गते घटस्थापनाको अवसर पारेर सिद्धार्थ राजमार्गका विभिन्न ठाउँमा यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ।

चाडबाडका बेला यात्रुहरुको चाप बढ्ने र यात्रुलाई सहज र सुरक्षित यात्रा गराउने लक्ष्यअनुसार ट्राफिक प्रहरीले राजमार्गसहित भित्री सडकमा यात्रु सहायता कक्ष स्थापना गरिएको जिल्ला प्रहरी प्रमुख प्रहरी उपरीक्षक दधिराम न्यौपानेले जानकारी दिए। ट्राफिक प्रहरीको पहुँच पुगेको र नपुगेको ठाउँमा पनि यो सहायता कक्षले यात्रुलाई यात्रामा सहजीकरण गर्ने प्रहरी प्रमुख न्यौपानेले बताए। यात्रुले सुरक्षित र सहज यात्रा गर्दा कुनै समस्या नओस् भनेर सहायता कक्षको भूमिका महत्वपूर्ण रहने विश्वास प्रहरी प्रमुख न्यौपानेको छ।

ट्राफिक प्रहरीले सिद्धार्थ राजमार्गको फेदिखोला, जिल्ला सदरमुकाम पुतलीबजार, भीरकोटको बयरघारी, वालिङ बजार, गल्याङलगायतका क्षेत्रमा यात्रु सहायता कक्ष सञ्चालनमा ल्याइएको छ। जिल्ला सदरमुकाममा स्थापना गरिएको यात्रु सहायता कक्षको प्रमुख जिल्ला अधिकारी इश्वरीप्रसाद अर्यालले शुभारम्भ गरेका थिए। चाडबाडका बेला यात्रुलाई ठग्ने, महँगो भाडा लिने, असुरक्षित यात्रा गराउनेलगायतका कानुनविपरीत कार्य रोक्न यात्रु सहायता कक्षले भूमिका खेल्नेमा आफू विश्वस्त रहेको प्रजिअ अर्यालको भनाइ रहेको छ। यात्राका क्रममा कुनै समस्या भएमा जिल्ला प्रहरी कार्यालय, जिल्ला ट्राफिक कार्यालयलगायत सुरक्षा निकायको हटलाइनमा फोन गर्न समेत प्रजिअले सुझाएका छन्।

चाडबाडका बेला हुने कालोबजारीदेखि कानुनविपरीत कार्य गर्ने जो कोही पनि कानुनको दायरामा आउने प्रजिअको भनाइ छ। स्याङ्जावासी नागरिकको शान्ति सुरक्षा, अमनचयनमा जिल्लाको सुरक्षा निकाय कटिबद्ध भएर लागेको बताउँदै सहज यात्र र सुखदरुपमा चाडपर्व मनाउन प्रजिले आग्रह गरेका छन्। ट्राफिक प्रहरीले सञ्चालनमा ल्याएको यात्रु सहायता कक्षले यातायात व्यवसायीलाई समेत सहज बन्ने विश्वास यातायात व्यवसायीले गरेका छन्।







## MADHYAVERTI MULTIPLE CAMPUS

**Kawasoti-17, Nawalparasi (East of Bardghat Susta),**

**Gandaki Province, Nepal**

# Invitation for Bids

Date Of Publication: 2082/06/07

1. MADHYAVERTI MULTIPLE CAMPUS has own resources and has allocated funds towards the cost of Civil works and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. MADHYAVERTI MULTIPLE CAMPUS invites online bids from e-procurement system from eligible bidders for the following Civil work.

| S. N. | Contract No. | Description of works | Bid validity period / Bid security validity | Estimated Amount With VAT, PS & Contengency (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (Non Refundable | Deadline of bid submission | Date and time of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01/MMC /NCB/ 2082-83 | Construction of Administrative Building of Madhyavarti Multiple Campus | 90/120 days Sealed Bid | 70,00,062.61/– | 1,75,000.00/– | 3000/– | 2082/07/09 till 12:00 Noon | 2082/07/09 at 2:00 PM |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at MADHYAVERTI MULTIPLE CAMPUS.
4. Bid Document fee shall be deposited in Rastriya Banijya Bank, Kawasoti, in name of MADHYAVERTI MULTIPLE CAMPUS Acc. No.: 3200100001655001 .Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Specified date and time mentioned above at the office of MADHYAVERTI MULTIPLE CAMPUS, Kawasoti 17 Nawalparasi (bardhaghat susta east).
5. The bid security may either be in the form of a bid security issued by authorized A Class commercial bank in deposit account Rastriya Banijya Bank, Kawasoti Branch, a/c no. 3200100001655001.
6. Bid Security document shall be compulsory submitted according to the format provided in the bid document, other wise thebid shall be excluded from the bid evaluation process.
7. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Campus Chief**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com